


# नागरिक बजेट

## आर्थिक वर्ष २०८१/८२

वीरेन्द्रनगर नगरपालिका,
नगरपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल



## नगरप्रमुखको तर्फबाट

नागरिक केन्द्रित बजेटले शासन व्यवस्थामा पारदर्शिता, जवाफदेहिता र सहभागितालाई सुदृढ बनाउँछ भन्ने हाम्रो विश्वास छ। यसै सन्दर्भमा वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को बजेटलाई सरल भाषामा नागरिकमैत्री ढंगले प्रस्तुत गर्न यो "नागरिक बजेट" तयार गरिएको हो। स्थानीय सरकारले नागरिकको आवश्यकता, चाहना र प्राथमिकतालाई बुझेर योजनाहरू तय गर्नु अहिलेको आवश्यकता हो। नागरिक बजेट त्यही प्रक्रियाको एक महत्वपूर्ण माध्यम हो, जसले नगरपालिकाको बजेट निर्माणमा नागरिकको सरोकार र सहभागितालाई वृद्धि गर्न मद्धत गर्दछ। यसले बजेटका प्रमुख विषयहरू, खर्चका प्राथमिकताका क्षेत्रहरू, बजेट वन्दै गर्दा अनुमान गरिएका संभाव्य आयका श्रोतहरू र नगरको समग्र विकासका लागि लिइएका रणनीतिहरूलाई सहज ढंगले आम नगरवासीसमक्ष पुऱ्याउने काम गर्छ। यस नागरिक बजेटमार्फत हामीले शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, कृषि, रोजगारी, महिला तथा बालमैत्री कार्यक्रम, पूर्वाधार विकास, सूचना प्रविधि र वातावरण संरक्षणजस्ता विषयहरूलाई प्राथमिकतामा राखेका छौं। वीरेन्द्रनग नगरपालिका बजेट पारदर्शी, समावेशी र परिणाममुखी बनाउन प्रतिवद्ध छ। यो नागरिक बजेटले नगरवासीलाई बजेट प्रक्रियाको सार बुझ्न सहयोग पुगोस्, र नगर विकासको साझेदारका रूपमा उनीहरूको सक्रिय भूमिका स्थापित होस् भन्ने अपेक्षा गरेका छौँ।

**- मोहनमाया ढकाल (भण्डारी)**
**नगरप्रमुख, वीरेन्द्रनगर नगरपालिका**



## नगर उपप्रमुखको तर्फबाट

शासनमा पारदर्शिता, जवाफदेहिता र नागरिकको सहभागिता हाम्रो साझा प्रतिबद्धता हो। यही सोचका साथ नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत बजेटलाई नागरिकमैत्री तरिकाले प्रस्तुत गर्न यो "नागरिक बजेट" तयार पारेका छौं। हामीले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सडक, रोजगारी, महिला तथा बालमैत्री कार्यक्रम, सूचना प्रविधि, वातावरण संरक्षण लगायतका क्षेत्रलाई प्राथमिकतामा राखेका छौं। यसले नागरिकका आवश्यकता र चाहनालाई सम्बोधन गर्न मद्दत गर्नेछ भन्ने हामीलाई विश्वास छ।

नागरिक बजेट एउटा माध्यम हो — जसबाट तपाईं हामी सबै बजेटको मूल उद्देश्य, प्राथमिकता र खर्चको खाका बुझ्न सक्छौं। नगरवासी बजेट प्रक्रियाको बारेमा र बजेटका मुख्य विषयवस्तुमा प्रश्ट हुनाले सरकार र नागरिकको सम्बन्ध बलियो हुन्छ भन्नेमा हामीले विश्वास गरेका छौँ। नगरपालिकाले नागरिक बजेट तयार पार्ने अभ्यासलाई निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्दछौँ।

**- निलकण्ठ खनाल**
**नगर उपप्रमुख, वीरेन्द्रनगर नगरपालिका**



## प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट

स्थानीय सरकारको सफल कार्यान्वयनका लागि बजेटको पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता अनिवार्य आधारस्तम्भ हुन्। वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेटलाई सहज र सरल ढंगले नागरिकसम्म पुऱ्याउने उद्देश्यले यो "नागरिक बजेट" प्रकाशन गरेको छ। यो नागरिक बजेट नगरपालिकाले तयार गरेको नागरिक संलग्नता नीतिको एक महत्पुर्ण क्रियाकलापको रुपमा समेत रहेको छ।

यो दस्तावेजले आम नागरिकलाई बजेटका संरचना, आय-व्ययको अवस्था, खर्चका प्राथमिकता क्षेत्रहरू र विकासका रणनीतिक दृष्टिकोणबारे स्पष्ट जानकारी दिन सहयोग पुऱ्याउने विश्वास लिएको छ। विशेष गरी शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, रोजगारी, महिला तथा बालमैत्री कार्यक्रम, सूचना प्रविधि र वातावरण संरक्षण जस्ता क्षेत्रहरूलाई प्राथमिकतामा राखिएको छ।

सुशासन र विकासको समृद्ध मार्ग नागरिक सहभागिताबाट मात्रै सम्भव हुन्छ। यस नागरिक बजेटमार्फत नगरपालिकाले बजेट निर्माण प्रक्रिया थप पारदर्शी र उत्तरदायी बनाउन पहल गरेको छ। नागरिक बजेटको निरन्तरताको लागि नगरपालिकाको तर्फबाट प्रतिवद्धता व्यक्त गर्दछु।

**- लक्ष्मी प्रसाद बासकोटा**
**प्रमुख प्रशासकीय अधिकृत, वीरेन्द्रनगर नगरपालिका**

# नागरिक बजेटको उद्धेश्य

यस नागरिक बजेटको उद्धेश्यहरु यस प्रकार रहेका छन् :

» नगरको वार्षिक बजेटलाई सरल, स्पष्ट र बुझ्न सकिने भाषामा प्रस्तुत गर्नु तथा बजेटका आय र खर्चका प्रमुख श्रोत तथा क्षेत्रहरूबारे नागरिकलाई जानकारी दिनु।

» नागरिकले तिरेको कर कहाँ, कसरी खर्च भइरहेको छ भन्ने विषयमा जवाफदेहिता सुनिश्चित गर्नु।

» शिक्षा, स्वास्थ्य, पूर्वाधार, रोजगारी, महिला तथा बालमैत्री कार्यक्रमहरूमा बजेटको प्राथमिकता देखाउनु।

# तथ्यांकको श्रोत

यस नागरिक बजेट वीरेन्द्रनगर नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ को नगरस्तरिय बजेट योजना तथा तथा कार्यक्रम पुस्तिकाको आधारमा तयार पारिएको हो। यो पुस्तिकाको पुर्ण पाठ तलको क्युआर कोड स्क्यान गरेर पढ्न सकिन्छ।

# बजेटमा प्रयोग हुने मुख्य शब्दावली र त्यसको अर्थ

**बजेट:** सरकारी बजेट कुनै निश्चित समयको लागि सरकारले पूर्वानुमान गरेको आम्दानी र खर्चको विवरण हो। यस्तो बजेट विशेषगरी एक वर्षको हुन्छ। बजेटमा सरकारले कुनै आर्थिक वर्षको लागि आम्दानी हुने अनुमानित स्रोत पहिल्याउँछ भने त्यसको आधारमा कुल आम्दानी कति हुन्छ र त्यसलाई कहाँकहाँ खर्च गरिन्छ भनेर राखिएको हुन्छ।

**आर्थिक वर्ष:** आर्थिक वर्षलाई वीत्तीय वर्ष पनि भनिन्छ। यसलाई अँग्रेजीमा Fiscal Year भनिन्छ। जुन सामान्यतया पात्रोको वर्षसँग मेल नखान सक्छ। उदाहरणको लागि नेपालमा वैशाख १ गते नयाँ वर्ष शुरु भई चैत मसान्तमा सकिन्छ भने आर्थिक वर्ष श्रावण १ गते शुरु भई असार मसान्तमा सकिन्छ।

**नीति तथा कार्यक्रम:** सरकारले कुनै आर्थिक वर्षको बजेट ल्याउनुअघि उक्त बजेट केकस्ता कार्यक्रमहरुमा केन्द्रीत र के कुरालाई प्राथमिकता दिइएको छ भनी प्रस्तुत गरिने दस्ताबजे नै नीति तथा कार्यक्रम हो। संघीय सरकारको नीति तथा कार्यक्रम संघीय संसदमा राष्ट्रपतिले, प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रदेश सभाको बैठकमा प्रदेश प्रमुखले

र स्थानीय तहमा प्रमुख वा उपप्रमुखले नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रचलन रहेको छ ।

**बजेट आउने समयः** नेपालमा तीन तहका सरकारले नेपालको संविधानको अनुसूची ५-९ सम्म उल्लेख भएका अधिकारहरुको कार्यान्वयन र सरकार सञ्चालनका लागि हरेक आर्थिक वर्षको बजेट ल्याउने गर्छन् । संघीय सरकारले जेठ १५ गते, प्रदेश सरकारले असार १ गते र स्थानीय सरकारले असार १० गते भित्रमा आगामी आर्थिक वर्षको बजेट ल्याइसक्नुपर्दछ । स्थानीय तहको बजेट वक्तव्य गाउँ/नगर सभामा उपप्रमुखले प्रस्तुत गर्छन् ।

**आन्तरिक राजश्वः** स्थानीय सरकारलाई नेपालको संविधान २०७२ ले प्रदान गरेका एकल अधिकारअन्तर्गत र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम स्थानीय तहले निर्धारण गरी संकलन गरेको राजश्व नै स्थानीय तहको आन्तरिक राजश्व हो । यसमा कर राजश्व र गैरकर राजश्व पर्दछन् ।

**कर राजश्वः** कर राजश्व भन्नाले स्थानीय तहले उक्त स्थानीय तहभित्रका व्यक्तिगत तथा व्यवसायिक क्रियाकलापहरुको लागि तोकेको निश्चित दरको कर हो । सरकारले जनता र संस्थाहरूबाट अनिवार्य रूपमा कर रूपमा संकलन गर्छ । जस्तै घर भाडामा लगायवापत कर, व्यवसाय कर आदि ।

**गैरकर राजश्वः** गैरकर राजश्व विशेषगरी सेवा शुल्कको रुपमा रहन्छ । नगरपालिकाले सेवा वा सुविधा उपलब्ध गराए वापत शुल्क लिन सक्छ । जस्तैः सिफारिस शुल्क, जन्म दर्ता गर्दा लाग्ने शुल्क ।

**राजश्व बाँडफाँडवापतको रकमः** स्थानीय तहले संघीय सरकार र प्रदेश सरकारले संकलन गरेको राजश्वको बाँडफाँड वापतको रकम प्राप्त गर्ने गर्दछ ।

**ससर्त अनुदानः** नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दछ । सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्छ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्छ । उदाहरणको लागि वीरेन्द्रनगर नगरपालिकालाई वडा नम्बर ८ मा रहेको शिद्धवहिरा विद्यालय भवन निर्माणको लागि रु ५० लाख उपलब्ध गरायो भने सो रकम यहि कामको लागि मात्र खर्च गर्नुपर्छ । ससर्त अनुदानको रकम सोहि उद्धेश्यमा खर्च गर्न नसके संघीय सरकारमा फिर्ता जान्छ ।

**विशेष अनुदानः** नेपाल सरकारले कुनै  विशेष उद्देश्य राखी प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्दछ । प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम विशेष अनुदान प्रदान गर्ने गर्छन् । उदाहरणका लागि संघीय सरकारले वीरेन्द्रनगरमा वसोवास गरिरहेका बादि समुदायका बालबालिकाको लागि छात्रवास वनाउन रु ५० लाख विशेष अनुदान उपलब्ध गराउन सक्छ । विशेष अनुदानको रकम सोहि उद्धेश्यमा खर्च गर्न नसके संघीय सरकारमा फिर्ता जान्छ ।

**वित्तिय समानीकरण अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान प्रदान गर्दछ । नेपाल सरकारबाट प्राप्त अनुदान र आफनो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानून बमोजिम र आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान प्रदान गर्दछ ।

**समपुरक अनुदानः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्दछ। समपूरक अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति र योजनाको आश्यकता र प्राथमिकतालाई आधार बनाइन्छ। त्यस्तै प्रदेशले पनि समपुरक अनुदान दिन सक्छ। यो अनुदान पाउन स्थानीय तहले पनि केहि रकम आफुले विनियोजन गर्नुपर्छ। उदाहरणको लागि सुर्खेतको गोठिकाँडा जानलाई पदमार्ग वनाउनको लागि रु २ करोड लागत लाग्छ भने स्थानीय सरकारले आफुले १ करोड विनियोजन गरि रु १ करोड संघीय सरकारसँग समपुरक अनुदानको रुपमा माग गर्न सक्छ।

**ऋणः** स्थानीय तहहरुले बजेट निर्माणका क्रममा आन्तरिक तथा बाह्य ऋण लिन सक्छन्।

**गैरसरकारी अनुदानः** स्थानीय तहहरुमा विकासका गतिविधिहरु सञ्चालन गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले स्थानीय तहहरुलाई अनुदान दिन सक्छन्।

**पुँजीगत खर्चः** पूँजीगत खर्च भनेको सरकारले यातायात, मेसिनरी उपकरण, भवन, स्वास्थ्य तथा  शिक्षा पुर्वाधार आदिमा खर्च गर्ने रकम हो। यसमा स्थीर सम्पतिहरु जस्तै जग्गा खरिद, पुल निर्माण, कुलो निर्माण  जस्ता कुरा पर्छन। सवै विकास निर्माणका आयोजनाहरु पूँजीगत खर्च अन्तर्गत पर्दछन्।

**चालु खर्चः** सार्वजनिक सेवा प्रवाहका लागि हुने दैनिक प्रशासनिक गतिविधि सञ्चालन खर्च नै चालू खर्च हो। कर्मचारीको तलब, जनप्रतिनिधिको सेवा सुविधा र कार्यालय सञ्चालनको क्रममा हुने अन्य प्रशासनिक खर्च चालु खर्च अन्तर्गत पर्दछन्। स्थानीय तहको चालु खर्च पुँजीगत खर्चभन्दा धेरै हुन्छ। यसको कारण के हो भने सरकारको ठुलो रकम सामाजिक सुरक्षा जस्तै वृद्धभत्ता, शिक्षकहरुको तलव आदिमा जान्छ जुन चालु खर्च अन्तर्गत राखिएको हुन्छ।

# बजेटका प्रमुख विषयहरु


**कुल बजेट:** रु. ३ अर्ब ५९ करोड १८ लाख ६८ हजार ९ सय ९९

**अंकमा :** ३,५९,१८,६८,९९९

**अक्षरमा:** रु. तीन अर्ब उन्नानसाठी करोड अठार लाख अठ्सठी हजार नौ सय उन्नासय


**कुल चालु खर्च** (प्रशासनिक र सञ्चालन खर्च)**:**
**१ अर्ब ७५ करोड ७३ लाख ६८ हजार ९ सय उन्नसय रुपैयाँ**

**कुल पुँजीगत खर्च** (विकासनिर्माण तथा कार्यक्रम सञ्चालन खर्च)**:**
**१ अर्व ८३ करोड ४५ लाख मात्र)**




# बजेटका आय श्रोतहरु

## आयको श्रोत



# क्षेत्रगत बजेट विनियोजन



# आर्थिक विकास


कृषि
४ करोड
१८ लाख २१ हजार
उद्योग
५६ लाख
३० हजार
पर्यटन
४१ लाख
५ हजार
सहकारी
१५ लाख
वित्तीय क्षेत्र
२० हजार
जलश्रोत तथा सिंचाइ
४४ लाख
५० हजार
वन
८ लाख
३३ हजार
पशुपंक्षी विकास
८३ लाख
१५ हजार
भूमि व्यवस्था
७४ लाख
आर्थिक
विकास
७ करोड ९० लाख
७४ हजार

# सामाजिक विकास

**२ अर्ब ३ करोड ४१ लाख ७१ हजार**
कुल बजेट

## सामाजिक विकास

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**
३ करोड ३ लाख ८६ हजार

**सामाजिक सुरक्षा तथा संरक्षण**
९३ लाख १३ हजार

**स्वास्थ्य**
१३ करोड ५३ लाख ८४ हजार

**युवा तथा खेलकुद**
९७ लाख ६९ हजार

**शिक्षा**
५८ करोड ३१ लाख ३३ हजार

**खानेपानी तथा सरसफाइ**
१ अर्ब २५ करोड ३५ लाख ४१ हजार

**भाषा तथा संस्कृती**
१ करोड २६ लाख ३५ हजार



## कार्यालय सन्चालन तथा प्रशासनिक खर्च

**कुल: ३५ करोड ६० लाख ३४ हजार**

# पुर्वाधार विकास



पुर्वाधार विकास
६८ करोड २० लाख ६२ हजार
सम्पदा पुर्वाधार
६ करोड १२ लाख
यातायात पुर्वाधार
४० करोड २४ लाख ५० हजार
भवन, आवास तथा सहरी विकास
१४ करोड २ लाख ३० हजार
उर्जा
२ करोड ५७ लाख ७ हजार
विज्ञान तथा प्रविधि
१५ लाख
पुनर्निर्माण
६ करोड ९ लाख ७५ हजार

# सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

**८ करोड ८० लाख ५३ हजार**



- **शासन प्रणाली** — ४लाख
- **प्रशासकिय सुशासन** — ४२ लाख १० हजार
- **वित्तीय सुशासन** — ५४ लाख ५० हजार
- **कानून तथा न्याय** — २१ लाख
- **शान्ती तथा सुव्यवस्था** — ९९ लाख ५० हजार
- **श्रम तथा रोजगारी** — ७ लाख
- **योजना तर्जुमा तथा कार्यान्वयन** — ३५ लाख २० हजार
- **अनुगमन तथा मुल्यांकन** — २ लाख ६५ हजार
- **तथ्यांक प्रणाली** — १५ लाख ५० हजार
- **वातावरण तथा जलवायु** — २४ करोड ९ लाख ७० हजार
- **मानव संसाधन विकास** — २१ लाख ४५ हजार
- **विपद् व्यवस्थापन** — ३ करोड २६ लाख ९३ हजार

# बजेटका प्रमुख कार्यक्रमहरु

- भेरी लिफ्टिङ्ग आयोजना: उपत्यकाको दीर्घकालीन खानेपानी समाधानका लागि संघ, प्रदेश र साझेदारहरूसँग सहकार्य, रु. १० करोड म्याचिङ्ग फन्ड।
- वीरेन्द्रनगर खानेपानी सुधार: डिप बोरिङ, पाइपलाइन विस्तार, मर्मत तथा प्रणाली सुधार; वडास्तरीय कार्यक्रममार्फत बजेट विनियोजन।
- शहरी पूर्वाधार विकास: पार्क, पार्किङ स्थल निर्माण (घण्टाघर पार्क आदि), आकाशे पुल (मंगलगढी), कुल बजेट रु. २५.८५ करोड।
- वडास्तरीय पूर्वाधार: प्रत्येक वडामा कम्तीमा ५० लाखको गौरव आयोजना, प्रत्येक वडामा ९० लाखभन्दा बढीको पूर्वाधार बजेट।
- गुणस्तरीय शिक्षा प्रवर्द्धन: समावेशी पहुँच सुनिश्चित गर्दै रु. ६ करोड ४७ लाख ९२ हजार विनियोजन।
- युवा क्षमता विकास: नगर उपप्रमुख युवा विकास कार्यक्रम, रु. ४० लाख बजेट।
- स्वास्थ्य सेवामा सुधार: महामारी तयारीसहितको स्वास्थ्य संस्था र महिला बालबालिका अस्पताल सञ्चालन, कुल रु. ३ करोड ६५ लाख ५८ हजार।
- महिला कृषि कार्यक्रम: महिला किसान कार्यक्रम (मेयरसँग), कृषि/पशु कार्यक्रमहरू, रु. १ करोड ६० लाखसहित बजेट व्यवस्था।
- युवा उद्यमशीलता: युवा उद्यम साझेदारी कार्यक्रम सञ्चालनका लागि उपयुक्त बजेट व्यवस्था।
- भूमिहीनलाई पूर्जा वितरण: व्यवस्थापनका लागि रु. १ करोड ११ लाख विनियोजन।
- सहकारी, उद्योग, पर्यटन प्रवर्द्धन: नगरस्तरबाट रु. ६१ लाख ५० हजार बजेट, वडास्तरमा समेत लगानी।
- फोहरमैला व्यवस्थापन: स्रोतमै वर्गीकरण प्रणाली स्थापना, रु. ८५ लाख ८७ हजार बजेट।
- हरियाली प्रवर्द्धन: शहरी सौन्दर्य तथा आयआर्जनमा जोड, रु. ६२ लाख बजेट।
- विपद् जोखिम न्यूनीकरण: दमकल खरिद (रु. ८० लाख) र अन्य पूर्वतयारी कार्यहरू (रु. ३३.५ लाख)।

## सम्पर्क

वीरेन्द्रनगर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर-८ , सुर्खेत
फोन: +९७७ ८३ ५२०१२८
फ्याक्स: +९७७ ८३ ५२०१२८
इमेल:: ito.birendranagarmun@gmail.com
Google Map: https://g.co/kgs/93fi22P

## नागरिक बजेटको लगि सहजीकरण

सशक्त महिला, समृद्ध नेपाल
EMPOWERED WOMEN PROSPEROUS NEPAL
Co-funded by the European Union
UNITED NATIONS NEPAL
KIRDARC